कुनै उम्मेदवारले पब्लिक एडमिनिष्ट्रेशन अथवा एकाउन्टेन्सी अथवा कामसमा डिप्लोमा पाएको छ भने त्यस्ता व्यक्तिलाई ४ नम्बर थप दिइनेछ। नेपाली ऐन हिसाव वा श्रेस्तामा मध्यमालाई चाहिनेभन्दा बढी पास गरेमा प्रत्येक पासलाई थप २ नम्बर दिइनेछ। यस उपनियम अनुसार हर एक उम्मेदवारले पाएको नम्बर जम्मा गरी सो सो उम्मदवारको योग्यतामा बढाइनेछ।

[४] प्रत्येक उम्मेदवारलाई, नोकरीको वर्ष र शैक्षिक योग्यता दुवैमा गरी कमसेकम ४० नम्बर पाउनु आवश्यक हुनेछ।

८. <u>अन्तर्वार्ता र कामसम्बन्धी रिपोर्टः</u>— [१] समितिले हरएक उम्मेदवाको अन्तर्वार्ता गरी त्यस्ता उम्मेदवारलाई पूर्णाङ्क ५० मध्येबाट नम्बर दिनेछ।

[२] समितिले प्रत्येक उम्मेदवारको कामसम्बन्धी रिपोर्टमा पूर्णाङ्क ५० मध्येबाट नम्बर दिनेछ।

[३] उम्मेदवार उपस्थित हुन नसक्ने खण्ड पर्न आएमा उसको कामको रेकार्ड हेरी उपदफा १ को पूर्णाङ्कबाट पनि नम्बर दिइनेछ।

९. <u>योग्यताको सूचीः</u>— समितिले दफा ७ र ८ बमोजिमको प्रत्येक उम्मेदवारले पाएको नम्बर जम्मा गरी योग्यताको क्रमानुसार जम्मा १०० वा बढी नम्बर पाउने उम्मेदवारको नामको सूची तयार गर्नेछ।

१० [१] समितिले उपर्युक्त, नियम ९ बमोजिम तयार भएको सूचिबाट क्रमानुसार प्रथम द्वितीय र तृतीय श्रेणीहरूका पदहरूमा नियुक्ति निमित्त सिफारिस गर्नेछ।

[२] अरू उम्मेदवारहरू मध्येबाट समितिद्वारा सिफारीस गरिएको संख्याजति क्रमानुसार नन्–गजेटेड सेवामा स्थायी रूपले नियुक्त गरिनेछन्। तथा भर्नासम्बन्धी नियमै अनुसार प्रशासन सेवामा प्रमोशनको निमित्त सुरक्षित राखिएका स्थानहरूमा प्रमोशन पाउन सक्नेछन्।

११. हरएक श्रेणीका कर्मचारीहरूको सीनियरिटी कर्मचारीहरूले दफा ७ बमोजिम पाएको नम्बरअनुसार सरकारद्वारा निर्धारित गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 229

१२. यो नियमहरूबमोजिम प्रशासन सेवाको गठन भएपछि सरकारी कर्मचारी बाहेक अरू व्यक्तिहरु, पब्लिकसर्भिस कमिशनको सल्लाहबिना प्रशासन सेवामा नियुक्त हुनेछैनन्।

१३. यो नियमबमोजिम गठन भएक समितिहरूले आफ्नो कार्यविधि व्यवस्थित गर्ने नियम बनाउन सक्नेछन्।

आज्ञाले—
नयनबहादुर खत्री क्षत्री,
सेक्रेटरी—कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।